तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं प्रदेश, नेपाल

दुर्गा ब...
अधिकृत ... सातौं तह

# तानसेन नगरपालिका

## पाल्पा, ५ नं प्रदेश, नेपाल

## सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई)

## बजार तथा आवाशिय क्षेत्रको फोहरमैला व्यवस्थापन आयोजना

## पूर्व योग्यता आह्वानपत्र

(पूर्व योग्यता आह्वान नं. ख/सानिसा/०७६-०७७)

आ.व. ०७६/०७७



Scanned by CamScanner

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा ५ नं. प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

Contents


मनसायपत्र आव्हान सम्वन्धि सूचना ........ 3

पूर्व योग्यता आह्वानपत्रमा उल्लिखित विषयमा दायित्व नरहने उद्घोषण........ 4

परिभाषा ........ 5

पूर्व योग्यताका लागि आमन्त्रण........ 6

१. आयोजनाको विवरण..,........ 6

२. निवेदकहरुलाई निर्देशन........ 10

क. सामान्य शर्तहरु ........ 10

ख. कागजातहरु: ........ 12

ग. निवेदनको तयारी तथा पेश गर्ने : ........ 14

घ. मूल्याकंन प्रकृया........ 16

३. निवेदनको मुल्यांकन ........ 16

ङ. योग्यता र बोलपत्र ........ 16

४. मुल्यांकनको आधार ........ 17

५. निवेदन पूर्व बैठक ........ 17

६. विविध ........ 18

अनुसूचीहरु ........ 19

अनुसूची १........ 20

आह्वनपत्रको शर्त २.१०.१ पूर्व योग्यता निवेदनसंग सम्वन्धित ........ 20

अनुसूची २........ 22

आह्वानपत्रको शर्त २.२.२ संग सम्वन्धित ........ 22

अनुसूची ३........ 23

आह्वानपत्रको दफा २.१०.२ संग सम्बन्धित........ 23

अनुसूची ४ ........ 24




Scanned by CamScanner

मनसायपत्र आव्हान सम्वन्धि सूचना

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह



Scanned by CamScanner

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा, प्रदेश नं ५, नेपाल
सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई)

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

# मनसायपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७६।०७।०१)

१. तानसेन नगरपालिका अन्तर्गत तपसील बमोजिमका आयोजनाहरु सार्वजनीक निजी साझेदारी (सानिसा) मार्फत कार्यान्वयन गर्नको लागि इच्छुक तथा योग्य व्यक्ति/कम्पनी/संस्थाहरुबाट तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ को नियम ६ को उपनियम १ बमोजिम तोकिएका शर्तहरुको अधिनमा रहि मनसाय पत्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२. तानसेन नगरपालिकाले उल्लेखित आयोजनाहरुको कार्यान्वयन सार्वजनीक निजी साझेदारी मार्फत गर्नेछ । तानसेन नगरपालिकाको सार्वजनीक निजी साझेदारी ऐन, नियमावली तथा नीति, २०७५ अनुसार परियोजनाको डिजाईन, निर्माण तथा सञ्चालन गरिने छ । नगरपालिका, स्थानीय समुदाय तथा निजी क्षेत्रको सहभागितामा परियोजनाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली तथा नीतिको व्यवस्था अनुसार निजी क्षेत्रलाई निर्माण, व्यस्थापन तथा सञ्चालनको लागि दीर्घकालिन परियोजनाको रुपमा साझेदारीको सम्झौता हुनेछ ।

३. मनसाय पत्र आवह्रान सम्वन्धी कागजात तानसेन नगर कार्यपालिकाको कार्यालय, सानिसा इकाईबाट सूचना प्रकाशन भएकोले मितिले ३० (तीस) औं दिन भित्र प्रत्येक परियोजनाका लागि रकम रु. ५०००।- (पछी फिर्ता नहुने गरी) तिरी वा रा.वा.बैंक, तानसेन, पाल्पा शाखा स्थित यस कार्यालयको संचित कोष खाता नं.३०३०३०४०१८१०२ मा रकम रु. ५०००।- दाखिला गरेको सक्कल बैंक भौचर यस कार्यालयमा पेश गरी छुट्टा छुट्टै पूर्व योग्यता आह्वान पत्र खरिद गर्न सकिने छ । साथै मनसाय पत्र यस कार्यालयको वेवसाईट www.tansenmungov.np बाट डाउनलोड गरी मनसाय पत्र खरिद बापतको रकम यस कार्यालयको रा.वा.बैंक, पाल्पा शाखाको संचित कोष खाता नं.३०३०३०४०१८१०२ मा जम्मा गरी सोको सक्कले प्रति भौचर मनसाय पत्र साथ पेश गर्न सकिने छ ।

४. मनसाय पत्र खरिद गर्ने अन्तिम दिनको भोलि पल्ट (३१ औं दिन) दिनको १२:०० बजे भित्रमा मनसाय पत्र यस कार्यालयको सा.नि.सा.इकाईमा दर्ता गराउनु पर्नेछ र प्राप्त मनसायपत्रहरु कार्यालयको प्रतिनिधिहरुको रोहबरमा सोही दिनको दिउसो १:०० बजे खोलिने छ । मनसायपत्र खोल्दा मनसायपत्र दाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु पनि उपस्थित हुन सक्नेछन् ।

५. मनसायपत्र, मूल्याङ्कनका आधारहरु तथा साझेदारीका शर्तहरु मनसाय पत्र आवह्रान सम्बन्धी कागजातमा उल्लेख गरिएको छ । मनसायपत्र आवह्रान सम्बन्धी काजगतहरु यस कार्यालयको वेवसाईट www.tansenmungov.np मा रहेको र सम्बन्धीत सूचना यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । मनसाय पत्र मूल्याङ्कनका लागि कुल एकसय अङ्कलाई पूर्णाङ्क मानी सो अङ्कलाई देहायको आधारमा विभाजन गरिने छ ।

| | | | |
|---|---|---|---|
| (क) प्राविधिक क्षमता वापत | - | ५० (पचास) | अङ्क |
| (ख) आर्थिक क्षमता वापत | - | ३० (तीस) | अङ्क |
| (ग) अनुभव वापत | - | २० (बीस) | अङ्क |

६. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु मनसायपत्र आवह्रान सम्बन्धी कागजात तथा तानसेन नगरपालिकाको सार्वजनीक निजी साझेदारी ऐन, २०७५ तथा नियमावली, २०७५ मा उल्लेख भए अनुसार हुनेछ ।

Scanned by CamScanner

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा ५ नं प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

७. समय सीमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरु राखी पेश भएका मनसाय पत्रहरु मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. मनसाय पत्र पेश गर्ने व्यक्ति/फर्म/संस्थाले फर्म दर्ता प्रमाण पत्र, संस्था नवीकरणको प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र, आ.व.२०७४/०७५ को कर चुक्ताको प्रमाण पत्र र आ.व.२०७५/०७६ को कर चुक्ताको प्रमाण पत्र वा कर चुक्ताका लागि म्याद थप गरिएको पत्र लगायत आवश्यक कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणीत गराई मनसाय पत्रको हार्ड कोपी (Hard Copy) साथ पेश गर्नु पर्नेछ । इमेल तथा अन्य विद्युतिय माध्यमबाट प्राप्त मनसाय पत्र ग्राह्य हुने छैन ।

९. यस सम्वन्धी अन्य जानकारीको लागि यस कार्यालयका कर्मचारी श्री विष्णु पौडेल (अधिकृतस्तर सातौं तह) को मोवाइल नं.९८५७०६२५६२ वा श्री दुर्गा बहादुर थापा क्षेत्री (अधिकृतस्तर सातौं तह) को मोवाइल नं.९८५७०६०२२० तथा यस कार्यालयको सम्कर्प नं ०७५५२०९०९ मा सम्पर्क गरी वा कार्यालय समय भित्र कार्यालयमा स्वयं उपस्थित भै आवश्यक जानकारी लिन सकिने छ ।

**तपसील :**

| क्र.सं | मनसाय पत्र नं. | आयोजनाको नाम | आयोजना स्थल | कैफियत |
|---|---|---|---|---|
| १ | क/सानिसा/०७६/०७७ | हाईवे रिफ्रेसमेण्ट निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना (Highway refreshment center) | ता.न.पा. क्षेत्र भित्र सिद्धार्थ राजमार्ग खण्ड र तानसेन तम्घास सडक खण्डको उपयुक्त क्षेत्र | |
| २ | ख/सानिसा/०७६/०७७ | फोहोरमैला व्यवस्थापन | तानसेन नगरपालिका मुख्य बजार तथा आवासीय क्षेत्र | |
| ३ | ग/सानिसा/०७६/०७७ | श्रीनगर सौन्दर्यकरण, सञ्चालन तथा व्यवस्थापन आयोजना | श्रीनगर क्षेत्र | तानसेन नगरपालिकाले तोकेको स्थानहरु |
| ४ | घ/सानिसा/०७६/०७७ | वातावरण मैत्री बसपार्क | बनदेवी क्षेत्र, तानसेन न.पा.वडा नं.५ | |
| ५ | ङ/सानिसा/०७६/०७७ | रानीमहल सञ्चालन तथा व्यवस्थापन | रानीमहल क्षेत्रको गुरु योजना बमोजिम | पुरातत्व विभागसंगको सहमतिको अधिनमा रहि गर्ने |
| ६ | च/सानिसा/०७६/०७७ | नगर यातायात सेवा संचालन | तानसेन चक्रपथ, तानसेन देखि रानीमहल, र अन्य उपयुक्त गन्तब्यहरुमा | |
| ७ | छ/सानिसा/०७६/०७७ | बुद्धमूर्ति स्थापनाद्वारा पर्यटन प्रवर्द्धन तथा विकास योजना (BIG Buddha) | श्रीनगर, तानसेन न.पा.वडा नं. ३ | तानसेन नगरपालिकाले तोकेको क्षेत्र |
| ८ | ज/सानिसा/०७६/०७७ | कोकलदेवी क्षेत्र विकास, सञ्चालन तथा व्यवस्थापन | तानसेन ८, कोकलछाप पाल्पा | |

प्रमुख प्रशासकीय अधिकृत
तानसेन नगर कार्यपालिकाको कार्यालय, पाल्पा

Scanned by CamScanner

१७

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

# पूर्व योग्यता आह्वानपत्रमा उल्लिखित विषयमा दायित्व नरहने उद्घोषण

यस पूर्व योग्यताआह्वानपत्रमा उल्लेख भएका विषय एवं सूचनाहरु यस नगरपालिकाबाट निवेदकहरुलाई लिखित वा अन्य कुनरुपको स्वरुपमा उपलब्ध गराईएको भएतापनि यस पूर्व योग्यता आह्वानपत्रमा उल्लेख भएका शर्त तथा बन्देजहरुका अधिनमा वा कुनै सूचना दिदा अन्य कुनै शर्त तथा बन्देज तोकिएकोमा सो को अधिनमा रहने गरी उपलब्ध गराईएको हो ।

यस पूर्व योग्यता आह्वानपत्र कुनै सम्झौता होइन । यसपूर्व योग्यता आह्वानपत्र सम्झौता गर्न प्रकाशन गरिएको दस्तावेज पनि होईन । यस आह्वानपत्र पूर्व योग्यता आह्वानपत्र पेश गर्न इच्छुक व्यक्तिका लागि पूर्व योग्यता आह्वानपत्र तयार गर्न आवश्यक पर्ने वा उपयोगी हुने सूचनाहरु उपलब्ध गराउने उद्देश्यले तयार गरिएको हो । यस पूर्व योग्यता आह्वानपत्रमा उल्लिखित विवरणहरु नगरपालिकाबाट आयोजनाका सम्बन्धमा गरिएका विभिन्न अनुमान र मूल्याङ्कनमा आधारित छन र त्यस्तो अनुमान र मूल्याङ्कन गर्दा प्रस्तावकलाई आवश्यक पर्ने सम्पूर्ण सूचनाहरुलाई संलग्न नगरिएको पनि हुनसक्छ । पूर्व योग्यता आह्वानपत्र सम्बन्धी कागजातहरुमा समावेश भएका अनुमान, मूल्याङ्कन, विवरण तथा सूचनाहरु (विशेष गरी संभाव्यता प्रतिवेदन मा समावेश भएका विषयहरु) पूर्ण, दुरुस्त, पर्याप्त वा सही नहुन पनि सक्छ र सो कारणले गर्दा हरेक निवेदकलाई निवेदन पेश गर्नुपूर्व आफ्नो तर्फबाट आवश्यक खोजविन, अनुसन्धान र मूल्याङ्कन गरी बोलपत्रमा उल्लिखित विवरण तथा सूचनाहरुको सत्यता, पर्याप्तता, विश्वसनियता र पूर्णताको परिक्षण गर्नका लागि सम्बन्धित विज्ञहरुबाट पुँ राय लिन अनुरोध गरिन्छ ।

यस पूर्व योग्यता आह्वानपत्रमा उल्लिखित विषयको सत्यता, पर्याप्तता, विश्वसनीयता र पूर्णता को सम्बन्धमा यस नगरपालिकाले कुनै प्रतिज्ञा वा उद्घोषण गरेको छैन । उक्त विषयहरु समावेश भई कुनै कानून, दुष्कृती वा अनुचित लाभ सम्बन्धी सिद्धान्तका आधारमा कुनै दावी, विरोध, मुद्दा, मामिला, न्यायिक वा प्रशासकिय कारवाही शुरु भएमा सो सम्बन्धमा यस महानगरपालिकाको कुनै दायित्व रहने छैन । यस पूर्व योग्यता आह्वानपत्रमा नगरपालिकाको हेलचेक्र्याई, लापरवाही वा अन्य कुनै कारणले कुनै विवरण त्रुटीपुर्ण भएको रहेछ र सो त्रुटीपूर्ण विवरणमा आधारित भई कुनै कार्य गर्दा कुनै हानि नोक्सानी व्यहोर्न पर्ने अवस्था सिर्जना भएमा समेत यस नगरपालिकाको कुनै दायित्व रहने छैन ।

यस पूर्व योग्यता आह्वानपत्र जारी गरिएको कारणले मात्र कुनै निवेदकलाई छनोट गर्नपर्ने बाध्यता रहने छैन । कुनै वा सबै निवेदक र निवेदनको सम्पूर्ण वा केही अंशलाई कारण खुलाई वा नखुलाई अस्विकार गर्ने वा समग्र प्रस्ताव आह्वानको प्रक्रिया रद्द गर्ने पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहेको छ ।

निवेदनको तयारी गर्दा कागजातहरु प्राप्त गर्दा, फोटोकपी हुलाक सेवा, डेलिभरी शुल्क, नगरपालिका समक्ष आफ्नो निवेदनको प्रस्तुती गर्दा लाग्नेखर्च लगायत अन्य सम्पूर्ण काम कारबाहिमा हुने सम्पुर्ण खर्च निवेदक स्वयंमले व्यहोर्नुपर्नेछ ।



Scanned by CamScanner

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

## परिभाषा

यस आह्वानपत्रमा उल्लिखित देहायका शब्दहरुले देहाय बमोजिमको अर्थ बुझाउँछन्:

| | |
|---|---|
| आह्वानपत्र | पूर्व योग्यता आह्वानपत्र |
| नगरपालिका | तानसेन नगरपालिका र नगरपालिका शब्दले सानिसा ऐन र सानिसा नियमावलीद्वारा विभिन्न अधिकार दिई गठन गरिएको सानिसा समिति र सानिसा इकाइलाई समेत जनाउँदछ । |
| सानिसा ईकाइ | सार्वजनिक-निजी साझेदारी ईकाइ |
| सानिसा | सार्वजनिक-निजी साझेदारी |
| सानिसा समिति | सार्वजनिक-निजी साझेदारी समिति |

यस आह्वानपत्रमा परिभाषा दिईएका शब्द तथा शब्दावलीहरु विषय र प्रसगले अर्को अर्थ लाग्ने नभएमा बाहेक अन्य सम्पूर्ण अवस्थामा यहाँ भन्दा माथिको तालिकामा परिभाषा गरिए अनुसार नै अर्थ गर्नुपर्नेछ ।



Scanned by CamScanner

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

## पूर्व योग्यताका लागि आमन्त्रण

## १. आयोजनाको विवरण

*१.१ पृष्ठभूमि:*

*१.१.१ तानसेन नगरपालिका (**"नगरपालिका"** भनिएको)* **र बजार तथा आवाशिय क्षेत्रको फोहरमैला व्यवस्थापन *आयोजना***'' *को विकास, संचालन तथा मर्मत संभार सार्वजनिक-निजी साझेदारी ("सानिसा") मार्फत् सानिसा सम्बन्धी प्रचलित कानुन बमोजिम प्रतिस्पर्धात्मक बोलपत्रको माध्यमबाट निजी साझेदार छनोट गरी आयोजनाको कार्यन्वयन गर्ने निर्णय गरेको छ । आयोजनाको संक्षिप्त विवरण देहाय अनुसारको छ :*

**क. परियोनाको नाम र ठेगाना:** बजार तथा आवाशिय क्षेत्रको फोहरमैला व्यवस्थापन, (तानसेन नगरपालिकाको प्रमुख बजार क्षेत्र तथा आवाशीय क्षेत्रहरु ।)

**ख. परियोजनाको उद्देश्य:**

तानसेन नगरपालिका क्षेत्र भित्र पर्ने प्रमुख बजार क्षेत्र तथा बजार केन्द्रहरुमा फोहरमैलाको प्रभावकारी व्यवस्थापन गर्ने, सरसफाईमा प्रविधिको प्रयोग एवं वातावरण मैत्री प्रविधिहरुको माध्यमबाट सरसफाई व्यवस्थापनमा कार्य गर्ने । फोहोर उत्पादनलाई अन्तत श्रोत मै शभचय धबकतभ को अवधारणलाई अगाडी बढाइ व्यवस्थापनमा चुस्तता ल्याइ नगरपालिकाको राजश्व अभिवृद्धि समेतमा योगदान पुरयाउने तानसेन नगरपालिकाले उद्येश्य लिएको छ। फोहर व्यवस्थापनमा स्थानीयबासीको सहभागितालाई प्रोत्साहन गर्दै लगानीलाई समेत न्यूनिकरण गर्नु यस परियोजनाको उद्देश्य रहेको छ । अन्य उद्देश्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

क) नगर सरसफाईको गुणात्मकता अभिवृद्धि,

ख) फोहरमैलाको प्रभावकारी व्यवस्थापन,

ग) नयाँ यन्त्र उपकरण र वातावरणमैत्री प्रविधिको प्रयोग,

घ) फोहरमैला व्यवस्थापनमा नगरपालिकाको तर्फबाट हुने लगानी कम गर्ने तथा आयमा बृद्धि गर्ने ।

**ग. परियोजना कार्यान्वयनको मोडेल:**

यस परियोजनाको कार्यान्वयन सार्वजनीक निजी साझेदारी (सानिसा) ऐन, २०७५ तथा नियमावली २०७५ अनुसार सञ्चालन तथा व्यवस्थापनको कार्य निजी क्षेत्रले गर्नेछ । सानिसा ऐन तथा नियमावली अनुसार छनौट भई आएको व्यक्ति वा कम्पनीले सार्वजनिकि निजी साझेदारी अन्तरगत छनौट भएका इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले सम्झौता अनुसार सञ्चालन तथा



Scanned by CamScanner

व्यवस्थापन गर्ने छन र नगरपालिकाले त्यसको अनुगमन तथा मूल्यांकन गर्नेछ । परियोजना संचालनको लागि तानसेन नगरपालिकाले जग्गा प्राप्तीको लागि सहयोग गर्ने छ।

स्थानीय जनताको सहभागिता हुने तथा उनीहरुको सहभागिताले परियोजना कार्यान्वयन तथा दिगोपना हुने गरि परियोजना प्रस्तावमा उल्लेख गरी पेश गर्न सकिने छ ।

**घ. अनुमानित लागतः**

परियोजनाको वर्तमान अवस्थालाई विश्लेषण गरि परियोजना प्रस्तावको लागत तथा कार्य सञ्चालनका तरिकाहरु निजी कम्पनी तथा व्यक्तिले पेश गर्नु पर्ने छ। वर्तमान अवस्थाको जानकारी तथा आवश्यक तथ्यांक तानसेन नगरपालिकाको सम्बन्धित शाखाबाट प्राप्त गर्न सकिने छ।

**ङ. परियोजना अवधी**

परियोजनाको अवधि प्रस्तावको ढांचामा उल्लेख गरिनेछ । उल्लेख गरिएको अवधिमा विषय विशेषज्ञको राय तथा सल्लाहमा छलफलद्वारा सानिसा ऐनको परिधि भित्र रहि अवधि तय गर्न सकिने छ ।

**च. परियोजनाको निर्माण सञ्चालन र व्यवस्थापन तथा हस्तान्तरण**

परियोजनाको निर्माण सञ्चालन र व्यवस्थापन तानसेन नगरपालिका र छनौट भएको व्यक्ति तथा कम्पनी बीच हुने गरी सम्झौता हुनेछ । परियोजना निजी कम्पनीले आफ्नो वित्तीय, प्राविधिक र आर्थिक क्षमता र नगरपालिकाको उद्देश्य समेतको अधिकतम उपयोग गरी कार्यान्वयन हुनेछ । सम्झौता अनुसारको परियोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनको समय अवधि पश्चात परियोजना सम्झौता अनुसार तानसेन नगरपालिकालाई हस्तान्तरण हुने छ।

**छ. परियोजनाको अनुगमन तथा मूल्यांकन र प्रतिवेदन**

परियोजनाको क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन निजी क्षेत्र तथा नगरपालिकाले नियमित रुपमा गर्नेछन । साझेदारको रुपमा तानसेन नगरपालिका सार्वजनिक निजी साझेदारी समिति, ईकाई तथा तोकिएको व्यक्तिबाट समेत गरिनेछ । कार्य प्रगति, सिकाइ तथा कार्यान्वयका क्रममा आएका विषयवस्तुहरुलाई समेटी प्रतिवेदनको रुपमा तानसेन नगरपालिकालाई मासिक रुपमा पेश गर्नु पर्नेछ ।

*नोटः यो परियोजनालाई तानसेन नगरपालिका सार्वजनिक निजी साझेदारी समितिले विभिन्न छुट्टा छुट्टै परियोजनाको रुपमा सञ्चालन गर्न सक्ने छ। कम्पनी तथा व्यक्तिले प्रस्ताव पेश गर्दा छुट्टा छुट्टै पेश गर्नु पर्ने छ।*

बोलपत्रदातालाई बोलपत्रको विभिन्न चरणमा प्रवेश गराउने प्रयोजनका लागि नगरपालिकाले उक्त बोलपत्रदाता छनौट गरी संक्षीप्त सूची तयार गर्नेछ ।



Scanned by CamScanner

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

१.१.२ बोलपत्रको विभिन्न चरणमा छनोट भएको निवेदकले नगरपालिकासँग यस आह्वानपत्रमा तोकिएका ढाँचामा आयोजना सम्झौता (**"आयोजना सम्झौता"**) गर्नुपर्नेछ । त्यसरी छनोट भएको निवेदक आयोजनाका कार्यान्वयनको डिजाईनीङ, ईन्जीनियरिङ लगानी तथा लगानी व्यवस्थापन, खरिद, निर्माण, संचालन, मर्मत संभार लगायतका सम्पूर्ण पक्षहरुका लागि जिम्मेवार हुनेछन् ।

१.१.३ आयोजनाको अनुमानित लागत (**"आयोजनाको अनुमानित लागत"**) माथि शर्त नं. १.१.१ मा उल्लेख गरिएको छ । तर, आयोजनाको वास्तविक लागतको प्रक्षेपण भने प्रस्तावकर्ता आफैंले गर्नुपर्नेछ ।

१.१.४ अनुमति प्राप्त व्यक्तिले आयोजनाको विकास तथा संचालनको अनुमति प्राप्त गरे वापत उपलब्ध गराउनुपर्ने सेवा र दायित्व लगायतका अन्य विस्तृत शर्त तथा बन्देजहरु आयोजना सम्झौतामा व्यवस्था भए बमोजिम हुनेछ ।

१.१.५ यस आह्वानपत्रमा उल्लिखित विवरण जानकारीको प्रयोजनका लागि मात्र हो । यस आह्वानपत्रमा उल्लिखित कुनै पनि विषय, वा प्रावधानले आयोजना सम्झौताको कुनै पनि शर्त वा व्यवस्थालाई सिमीत पार्ने वा सोको कार्यन्वयनमा प्रतिकुल असर पार्ने छैन ।

१.१.६ नगरपालिकाले यस आह्वानपत्रमा उल्लिखित शर्त तथा नगरपालिकाले यस आह्वानपत्र अनुसार उपलब्ध गराउने अन्य कागजात (**"बोलपत्र सम्बन्धी कागजात"** भनिएको) मा उल्लेख भए अनुसार प्रस्तावपत्र ग्रहण गर्नेछ । प्रस्तावकर्ताले शर्त नं १.२.४ मा उल्लेख भएबमोजिमको मिति (**"प्रस्तावपत्र पेश गर्नुपर्ने मिति"** ) भित्र निवेदन पेश गरिसक्नुपर्नेछ ।

## *१.२ प्रस्ताव छनोट प्रकृयाको संक्षिप्त विवरण:*

१.२.१ प्रस्तुत आयोजनाको लागि नगरपालिकाले दुई चरणको प्रस्ताव छनोट प्रक्रिया (**"प्रस्ताव छनोट प्रक्रिया"**) अवलम्बन गरेको छ । उक्त प्रक्रियाको पहिलो चरण (**"पूर्वयोग्यता परीक्षण"**) मा यस आह्वानपत्रको व्यवस्था अनुसार इच्छुक प्रस्तावकर्ता (**संयुक्त उपक्रम** समेत) को पूर्वयोग्यता परीक्षण गरिने छ । पूर्वयोग्यता परीक्षण सम्पन्न भएपछि नगरपालिकाले योग्य प्रस्तावकर्ताहरुको सूची प्रकाशित गर्ने छ । उपर्युक्त बमोजिम योग्य ठहरिएका प्रस्तावकर्ताहरुले प्रस्ताव आह्वानपत्र अनुसारको दोश्रो चरणको प्रस्ताव छनोट प्रक्रिया (**"प्राविधिक तथा आर्थिक प्रस्तावको चरण"**) मा सहभागी हुन सक्नेछन् ।

१.२.४ निवेदन छनोट प्रक्रियाको समयतालिका देहाय बमोजिम रहेको छः

| सि.नं. | कार्यक्रमको सूची | मिति |
|---|---|---|
| १ | सोधपूछ गर्न सकिने अन्तिम मिति | २०७६/७/२० |
| २ | निवेदन पूर्वको वैठक | २०७६/७/२५ |
| ३ | नगरपालिकाले सोधिएको जानकारी उपलब्ध गराउनुपर्ने अन्तिम मिति | २०७५/७/२९ |



Scanned by CamScanner

| | | |
|---|---|---|
| ४ | निवेदन पेश गर्नुपर्ने अन्तिम मिति | २०७६/७/३० दिनको १२:०० बजेसम्म |
| ५ | निवेदन छनौट गर्ने मिति | निवेदन पेश गरेको अन्तिम मितिको ७ दिन भित्र |
| ६ | संक्षिप्त सूची तयार गर्ने मिति | निवेदन पेश गरेको अन्तिम मितिको ८ दिन भित्र |
| ७ | छनौट भएका निवेदकहरुलाई सूचना दिइने | संक्षिप्त सूची तयार गरेको मितिको १० दिन भित्र |

**नोट:**

मनसायपत्र आव्हान सम्वन्धमा कुनै विषयमा सोधपुछको लागि तानसेन नगरपालिकाको सानिसा ईकाइका श्री विष्णु पौडेल, फोन नं. ०७५-५२०९०९/मोवाइल नं.९८५७०६२५६२, ईमेल: bishnutara@gmail.com र श्री दुर्गा बहादुर थापा क्षेत्री, मोवाइल नं ९८५७०६०२२० मा सम्पर्क गर्न सकिनेछ ।



Scanned by CamScanner

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

## २. निवेदकहरुलाई निर्देशन

### क. सामान्य शर्तहरु

**२.१ निवेदनको दायरा**

२.१.१ बोलपत्रको विभिन्न चरणका लागि नगरपालिकाले पेश गरिएका निवेदन मध्येबाट योग्यता परिक्षण गरी संक्षिप्त सूची तयार गरी अनुभवि एवं दक्ष निवेदक छनौट गर्नेछ ।

२.१.२ संक्षिप्त सूचीमा परेका निवेदकहरुबाट आयोजना कार्यान्वयन गर्नका लागि प्रस्ताव पेश गर्न आमन्त्रण गरिनेछ ।

**२.२ निवेदकको योग्यता**

२.२.१ निवेदकहरुको योग्यता परिक्षण गर्दा देहाय बमोजिम गरिनेछः

(क) आयोजना कार्यान्वयन गर्न इच्छुक निवेदक एक प्रतिष्ठान वा प्रतिष्ठानको समुह "**संयुक्त उपक्रम**" हुन सक्नेछन् । निवेदक प्राकृतिक व्यक्ति वा प्रतिष्ठान वा संयुक्त उपक्रम हुन सक्नेछन् । तर कुनै पनि निवेदक एकल रुपमा वा संयुक्त उपक्रममा निवेदन पेश गर्दा अरु निवेदकको सदस्य भने हुन पाउने छैनन् । यस पुर्व योग्यता आह्वानपत्रमा प्रयोग गरिएको "**निवेदक**" शब्दले दुबै एकल रुपमा वा संयुक्त उपक्रममा निवेदन पेश गर्ने निवेदकलाई जनाउँदछ ।

(ख) बोलपत्रको प्रकृयामा कुनै पनि किसिमको आँच वा खलल पुग्ने गरी निवेदकको कुनै पनि किसिमको स्वार्थ बाझिन हुँदैन । कुनै निवेदकको त्यसरि स्वार्थ बाझिएको पाइएमा उक्त निवेदकको निवेदन स्वत खारेज गरिनेछ/भएको मानिने छ ।

२.२.२ निवेदकले निवेदन पेश गर्दा अनुसूची-२ को ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of Attorney) अख्तियारवाला किटान गरी पेश गर्नुपर्नेछ । यदि प्रस्तावकर्ता कुनै संयुक्त उपक्रम रहेको भएमा संयुक्त उपक्रमको मुख्य सदस्यको नाम स्पष्ट किटान गरी अनुसूची-३ बमोजिमको ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of Attorney)पेश गर्नुपर्नेछ ।

**२.३ संयुक्त उपक्रमको संरचनामा फेरबदल भएको अवस्था**

२.३.१ पूर्व योग्यता परिक्षणको चरणमा संयुक्त उपक्रमको संरचनामा फेरबदल भएको अमान्य हुनेछ ।

२.३.१ तर देहायको अवस्थामा भने संयुक्त उपक्रमको संरचनामा फेरबदल भएको मान्य हुनेछ :

(क) बोलपत्रको अन्तिम मिति भन्दा ३ दिन अगाडि त्यस्तो फेरबदलको माग गरि निवेदन पेश गरेमा,

(ख) संयुक्त उपक्रमको मुख्य सदस्य नै मुख्य सदस्य भई त्यस्तो फेरबदल भएमा,

(ग) संयुक्त उपक्रमको विकल्प कम्तिमा प्राविधिक क्षमतामा बराबर भएमा र त्यसरि फेरबदल भएको संयुक्त उपक्रमले निवेदकको पुर्व योग्यता परिक्षण र अन्य चरणको मापदण्ड पुरा गरेको खण्डमा,



Scanned by CamScanner

दुर्गा बहादुर थाप

(घ) त्यस्तो फेरबदल पश्चात् नयाँ सदस्य(हरु) ले पहिले नै दर्ता गरेको निवेदनलाई सहर्ष स्वीकार गरेमा र त्यस्ता नयाँ सदस्य(हरु) यसै आयोजनामा अरु संयुक्त उपक्रमको कुनै पनि किसिमको सदस्यतामा नरहेको भएमा,

२.३.२ संयुक्त उपक्रमको संरचनामा फेरबदलको विषय नगरपालिकाको नितान्त स्वविवेकमा निर्भर रहनेछ र त्यस्ता फेरबदल स्वीकार हुन सक्ने अवस्थामा नगरपालिकाले लिखित रुपमा स्वीकार गर्नुपर्नेछ ।

**२.४. निवेदकको संख्या र खर्च**

२.४.१ एक भन्दा बढी निवेदन पेश गर्न पाइने छैन । कुनै निवेदक स्वयं आफैं वा संयुक्त उपक्रमको सदस्यको रुपमा निवेदन पेश गरेकोमा आफैं वा अर्को संयुक्त उपक्रमको सदस्य भएर प्रस्ताव पेश गर्न पाइने छैन ।

२.४.२ निवेदन तयार गर्दा र बोलपत्र प्रकृयामा लाग्ने सम्पूर्ण खर्चहरु निवेदकहरुले स्वयंले व्यहोर्नुपर्नेछ । पूर्व योग्यता परिक्षण प्रकृया सम्पन्न भएपश्चात जे जस्तो नतिजा आएपनि त्यस्तो खर्चहरु नगरपालिकाले व्यहोर्ने छैन ।

**२.५ निवेदकको स्विकारोक्ति**

२.५.१ निवेदन पेश गर्दा प्रस्तावकर्ताहरुले देहाय अनुसार स्विकार/कबुल गरेको मानिनेछ :

(क) बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरुको परिक्षण गरेको.

(ख)नगरपालिकाबाट प्राप्त गर्नुपर्ने सम्पूर्ण सूचनाहरु प्राप्त गरिसकेको

(ग) यस आह्वानपत्र अन्तर्गत तोकिएका शर्त, दायित्व तथा बन्देजहरुको परिपालना गर्ने .

(घ) निवेदकको स्वार्थ बाझिने अवस्था नरहेको/नभएको.

२.५.२ माथि उल्लिखित कुनै पनि कुराहरुमा वा आह्वानपत्र, र बोलपत्र सम्बन्धी कागजातहरुमा कुनै तथ्य वा विषय छुटेको वा त्रुटीपूर्ण भएको आधारमा नगरपालिकाले कुनै दायित्व व्यहोर्न, तिर्न वा बुझाउन पर्नेछैन ।

२.६ यस आह्वानपत्रमा जुनसुकै कुरा उल्लेख भएतापनि नगरपालिकासँग जुनसुकै बखतमा पेश हुन आएको निवेदन कारण खुलाएर वा नखुलाईकन पनि अस्विकार गर्ने वा बोलपत्र प्रकृयालाई नै रद्द गर्ने अधिकार सुरक्षित रहनेछ ।



Scanned by CamScanner

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह।

ख. कागजातहरु:

निवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ।

संलग्न हुनु पर्ने कागजातहरु:

(क) मनसायपत्र पेश गर्ने संस्था भएमा :

१. संस्था कम्पनी दर्ता प्रमाणपत्र,
२. कर चुक्ता प्रमाणपत्र (हालको आर्थिक वर्षको),
३. स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र ।
४. कर चुक्ता प्रमाण पत्र
५ साझेदारी (JV) पत्र
६. अख्तियारनामा

(ख) मनसायपत्र पेश गर्ने व्यक्ति भएमा :

१. नागरिकता प्रमाणपत्र वा राहदानीको प्रतिलिपी
२. पान नं तथा VAT दर्ता प्रमाण पत्र ।

(ग) मनसायपत्र पेश गर्ने व्यक्ति/संस्थाको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता र अनुभव पुष्ठि गर्ने कागजात ।

घ) आयोजना कार्यान्वयन सम्बन्धी व्यवसायिक योजना ।

ङ) सानिसा इकाईले तोकेको अन्य आवश्यक विवरण ।[1]

२.७ पूर्व योग्यता आह्वानपत्रको विषयसूची

२.७.१ यस आह्वानपत्रमा यहाँ भन्दा माथि उल्लेख भएको दायित्व नहुने उद्घोषण देहायमा उल्लिखित विषयसूची र शर्त नं. २.८ अनुसार गरिने/हुने थप व्यवस्थाहरु यस आह्वानपत्रको अभिन्न अंग हुनेछ।

पूर्व योग्यता आह्वानपत्र

| | |
|---|---|
| खण्ड १. | परिचय |
| खण्ड २. | निवेदकको लागि निर्देशन |
| खण्ड ३. | निवेदनको मुल्यांकन |
| खण्ड ४ | मूल्याकंनका आधार |

[1]इकाईले आवश्यकताअनुसार माग गरेको विवरण उल्लेख गर्ने ।



Scanned by CamScanner

खण्ड ५ निवेदन पूर्वको बैठक

खण्ड ६ विविध

**अनुसूची**

१. निवेदन पेश गर्ने पत्रको ढाँचा

२. निवेदनमा हस्ताक्षर गर्नका लागि अधिकार प्रत्यायोजन पत्र (Power Of Attorney)

3. संयुक्त उपक्रमको मुख्य सदस्य(Lead Member)का लागि दिईने अधिकार प्रत्योजनपत्र (Power Of Attorney)

**२.७ प्रष्टिकरण**

२.७.१ यस आह्वानपत्रमा उल्लिखित कुनै विषयका सम्बन्धमा कुनै प्रष्टिकरण चाहिएमा निवेदकले हुलाक/कुरियर वा ई-मेल मार्फत शर्त नं. १.२.४ मा उल्लिखित समयसिमा भित्र प्रष्टिकरण अनुरोध गर्न सक्नेछन् ।

**२.८ पूर्व योग्यता आह्वानपत्रमा संशोधन**

२.८.१ नगरपालिकाले स्वविवेकमा वा लिखित प्रष्टिकरण माग भएपछि आवश्यक ठानेमा आवश्यकता अनुसार यस आह्वानपत्रमा संशोधन गर्न सक्नेछ । यस आह्वानपत्रमा कुनै संशोधन भएमा त्यस्तो संशोधन लिखित रुपमा हुनेछ र सो सार्वजनिक सूचना मार्फत प्रकाशित गरिनेछ ।



Scanned by CamScanner

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

ग. निवेदनको तयारी तथा पेश गर्ने :

**२.९ भाषा तथा निवेदनको ढाँचा र हस्ताक्षर:**

२.९.१ निवेदन लगायत बोलपत्रको चरणमा आउने सम्पूर्ण दस्तावेज नेपाली/अंग्रेजीमा हुनेछन् ।

२.९.२ निवेदकले यस आह्वानपत्र मार्फत माग गरिएका सम्पूर्ण सूचनाहरु उल्लेख गरी निवेदन पेश गर्नुपर्नेछ । नगरपालिकाले तोकिएको ढाँचामा पेश हुन आएको निवेदनहरु र तोकिए बमोजिम रित पुगेको निवेदनहरु मात्र ग्रहण गर्नेछ ।

२.९.३ निवेदन र सो को प्रतिलिपि गाढा कालो नमेटीने अक्षरमा टाईप गरी हरेक पृष्ठमा अख्तियारप्राप्त व्यक्तिले हस्ताक्षर गरी पेश गर्नुपर्नेछ ।

**२.१० निवेदनमा सिलबन्दी गर्ने सम्बन्धी व्यवस्था:**

२.१०.१ निवेदकले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तयार गरी खामबन्दी गरेर खामको माथिल्लो भागमा **"पूर्व योग्यता निवेदन"** उल्लेख गरी पेश गर्नुपर्नेछ ।

२.१०.२ निवेदनसाथ संलग्न गर्नुपर्ने थप कागजातहरु एउटा छुट्टै खाममा खामबन्दी गरी सो खामको माथिल्लो भागमा **"पूर्व योग्यता निवेदनसाथ संलग्न कागजाताहरु"** उल्लेख गर्नुपर्नेछ । उक्त खामबन्दी भित्र देहायका कागजातहरु संलग्न गरिएको हुनुपर्नेछ :

(क) अनुसूची १ को ढाँचामा निवेदन

(ख) अनुसूची २ को ढाँचामा प्रस्तावपत्रमा हस्ताक्षर गर्नका लागि दिईने अधिकार प्रत्यायोजनपत्र

(ग) संयुक्त उपक्रमको तर्फबाट प्रस्तावपत्र पेश गर्ने भएमा अनुसूची ३ को ढाँचामा संयुक्त उपक्रमको मुख्य सदस्यलाई दिईएको अधिकार प्रत्यायोजनपत्र

(घ) यदि निवेदक कम्पनी भए, प्रबन्धपत्र र नियामवाली र यदि निवेदक संयुक्त उपक्रम भए संयुक्त उपक्रम सम्झौता,

(ङ) ३ वर्ष सम्मको लेखा परिक्षण प्रतिवेदन र profit and loss acoount

(च) सि.डि. वा पेनड्राइभमा निवेदन (२ प्रति)

२.१०.३ प्रस्तावकर्ताले प्रस्तावपत्र पेश गर्दा माथि शर्त नं. २.१०. मा उल्लेख भएका कागजातहरुमा सिलसिलावर रुपमा पृष्ठ संख्या राखी छुटै खामबन्दी गरी खामको माथिल्लो भागमा "सक्कल कागजातहरु" भनी उल्लेख गर्नुपर्नेछ ।

२.१०.४ माथि शर्त नं. २.१०.१, २.१०.२ र २.१०.३ मा उल्लिखित खामबन्दीलाई बाहिरबाट एउटा छुट्टै खाममा खामबन्दी गरी सहीछाप गरेको हुनुपर्नेछ । उल्लिखित चारैवटा खामबन्दीको माथिल्लो भागमा देहाय अनुसारको विवरण उल्लेख गर्नुपर्नेछ :



Scanned by CamScanner

र प्रस्तावकर्ताको नाम र ठेगाना पनि स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। यसका अतिरिक्त, खामबन्दीको सिरान तर्फको दायाँ किनारमा बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति पनि स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ।

२.१०.५ हरेक खामबन्दीलाई देहाय अनुसार हुने गरी प्रापकको ठेगाना उल्लेख गर्नुपर्नेछ :

| | |
|---|---|
| ध्यानाकर्षण: | श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु, |
| पद: | प्रमुख प्रशासकिय अधिकृत |
| ठेगाना | तानसेन नगरपलिका, पाल्पा |
| ई-मेल ठेगाना | ito.tansenmun@gmail.com |

२.१०.६ माथि उल्लेख भएको निर्देशन अनुसार निवेदन खामबन्दी गरी पेश गरेको नपाईएमा कुनै तरिकाले कागजातहरु हराएमा वा निवेदन खोल्ने समयभन्दा पहिले नै खोलिएमा वा सो का कारणले प्रस्तावकले कुनै नोक्सानी व्यहोर्नुपरेमा नगरपालिकाको कुनै जिम्मेवारी रहने छैन ।

२.१०.७ फ्याक्स, टेलेक्स, टेलिग्राम वा ई-मेल मार्फत पेश हुन आएको प्रस्तावपत्रहरु ग्राह्य हुने छैन ।

२.११ निवेदन पेश गर्नुपर्ने अन्तिम मिति

२.११.१ निवेदकले निवेदन पेश गर्दा निवेदन पेश गर्नुपर्ने मितिको १२:०० बजे सम्म यस आह्वानपत्रमा तोकिएको ढाँचामा शर्त नं. २.१०.५ मा उल्लेख भएको ठेगानामा पठाइसक्नुपर्नेछ । सो पश्चात् प्रस्तावपत्र पेश गरिएको निस्सा अनुसूची २ वा ३ मा उल्लिखित व्यक्ति वा अधिकारी बाट लिनुपर्नेछ । सो समय व्यतीत भएपश्चात प्राप्त हुन आएको प्रस्तावपत्र ग्राह्य हुनेछैन ।

**२.१२ ढिला बुझाइएको निवेदन**

२.१२.१ निवेदन पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पछि बुझाइएको निवेदन स्वत बदर हुनेछ ।

**२.१३ निवेदनमा संशोधन, हेरफेर गर्ने वा निवेदन फिर्ता लिने:**

२.१२.१ निवेदकले निवेदन पेश गर्नुपर्ने अन्तिम मिति भन्दा अगावै निवेदनमा संशोधन, हेरफेर गर्ने वा निवेदन फिर्ता लिन सक्नेछन् । निवेदन पेश गर्नुपर्ने अन्तिम मिति पश्चात् निवेदनमा संशोधन, हेरफेर गर्ने वा फिर्ता लिन/गर्न पाइने छैन ।

२.१२.२ निवेदकले निवेदन पेश गरेपश्चात् निवेदनमा संशोधन, हेरफेर वा फिर्ता लिएर अर्को निवेदन पेश गरेमा माथि शर्त न. २.१० अनुसार पुन: खामबन्दी गरी "संशोधन" वा "हेरफेर" वा "फिर्ता लिई अर्को पेश गरेको" भन्ने व्यहोरा जनाउनुपर्नेछ ।



Scanned by CamScanner

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

घ. मूल्यांकन प्रकृया

३. निवेदनको मुल्यांकन

३.१ **निवेदन खोल्ने तथा मूल्यांकन सम्बन्धी व्यवस्था:**

३.१.१ नगरपालिकाले निवेदन पेश गर्नुपर्ने अन्तिम मिति व्यतीत भएको दिन भित्र १३:०० बजे शर्त उल्लिखित स्थानमा उपस्थित निवेदकहरुको रोहवरमा प्राविधिक प्रस्ताव खोलिने छ ।

३.१.२ शर्त नं. ३.१.१ बमोजिम निवेदन खोलिसके पश्चात यस आह्वानपत्रमा उल्लिखित व्यवस्थाहरुका आधारमा प्रस्तावहरुको परीक्षण तथा मूल्यांकन गरिने छ।

३.२ **पूर्णताको परीक्षण:**

३.२.१ निवेदकहरुको मूल्यांकन गर्नुपूर्व नगरपालिकाले प्राप्त हुन आएका प्रत्येक निवेदनहरुको पूर्णताको परीक्षण गर्नुपर्नेछ । देहाय बमोजिमको रित पुगेको प्रस्तावहरुलाई पूर्ण मानिनेछ ।

(क) अनुसूची १ बमोजिमको ढाँचामा पेश भएको;

(ख) प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति भित्र पेश हुन आएको

(ग) शर्त नं. २.१० मा उल्लेख भए अनुसार सहिछाप गरी खामबन्दी गरी पेश गरेको

(ङ) अनुसूची २ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र पेश हुन आएको

(च) यस प्रस्ताव आह्वानपत्र अुनसार पेश गर्नुपर्ने भनी तोकिएको सम्पूर्ण कागजातहरु (ढाँचा तोकिएको भए सोही ढाँचामा) पेश भएको

(छ) निवेदकको तर्फबाट थप शर्त तथा सीमितताहरु प्रस्ताव नगरिएको वा पेश भएको प्रस्ताव शर्तपूर्ण नभएको

३.२.२ नगरपालिकासँग माथि शर्त नं. ३.२.१ मा उल्लिखित शर्तहरुका आधारमा अपूर्ण देखिएका निवेदनहरु अस्वीकार गर्ने अधिकार सुरक्षित रहने छ र नगरपालिकाले त्यस्तो अपूर्ण निवेदनको हकमा कुनै पनि प्रकारको संशोधन, स्पष्टीकरण वा फिर्ता लिनका लागि गरिएको अनुरोध स्विकार गर्ने छैन । तर, यस व्यवस्थाले नगरपालिकालाई स्वविवेकमा पेश भएको निवेदनमा सारभूत रुपमा प्रभाव नपार्ने गरी निवेदनमा उल्लिखित व्यहोरा सच्याउन वा छुटेको व्यहोरा थप गर्न अनुमति दिन सक्नेछ ।

ङ. योग्यता र बोलपत्र

पेश गरिएको निवेदनको मुल्यांकन पश्चात् नगरपालिकाले संक्षिप्त सूची तयार पार्छ र संक्षिप्त सूची मा परेका निवेदकहरु मात्रै अर्को चरणको प्रक्रियामा भाग लिन पाउने छन् । यसका साथ साथै नगरपालिकाले संक्षिप्त सूचीमा पर्न असमर्थ निवेदकहरुलाई लिखित सूचना मार्फत जानकारी गराउने छ ।



Scanned by CamScanner

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं प्रदेश, नेपाल
दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

## ४. मुल्यांकनको आधार

४.१ उल्लेखित शर्तहरु बमोजिम योग्यता पुरा गर्ने निवेदकहरु मात्रै दफा ३ बमोजिम मुल्यांकनका लागि योग्य हुनेछन, त्यो भन्दा बाहेकका निवेदनहरु स्वत: खारेज गरिनेछन ।

४.२ निवेदकको पुर्ण योग्यता देहाय बमोजिम मापन गरिनेछ:

क. प्राविधिक क्षमता

ख. आर्थिक क्षमता

ग. अनुभव

४.३ कुल १०० पुर्णाङ्क मा देहाय बमोजिम मुल्यांकन गरिनेछ:

*क. प्राविधिक क्षमता (५० पुर्णाङ्क )*

- आयोजना कार्यान्वयन गर्न यदि मेशिन, औजार वा जनशक्ति चाहिने अवस्थामा उक्त मेशिन, औजार, जनशक्ति भए/नभएको ।

*ख . आर्थिक क्षमता (३० पुर्णाङ्क )*

- निवेदकको आयोजना सर्भे गर्ने, संचालन गर्ने र मर्मत गर्ने आर्थिक क्षमता नै यस क्षमताको आधार हो । यदि निवेदक कम्पनी भएमा कम्पनीका सम्पति वा ऋण समेत यस क्षमताको आधार हुनेछ. ।

*ग . अनुभव (२० पुर्णाङ्क )*

- यस आयोजना जस्तै अरु आयोजना मा सहभागी भएको अनुभव नै यस क्षमताको आधार मानिनेछ ।

निवेदकले कम्तिमा ६० अंक ल्याएको खण्डमा मात्रै सो निवेदक अर्को चरणका लागि छनोट हुनेछ । तर कोहि निवेदकले पनि कम्तिमा ६० अंकभार ल्याउन नसेको अवस्थामा कम्तिमा पचास ल्याउने मध्येबाट निवेदक छनोट हुनेछन ।

## ५. निवेदन पूर्व बैठक

५.१ निवेदन पूर्वको बैठक २०७६।७।२५ गते दिनको १२:०० वजे नगरपालिकाको सानिसा ईकाइमा आयोजना गरिनेछ । निवेदकहरु यस बैठकमा आफ्ना भनाइहरु राख्न स्वतन्त्र रहनेछन् । नगरपालिकाले निवेदकहरु बाट आएका कुनै प्रतिक्रिया वा अनुरोध आफ्नो स्वविवेक मा सम्बोधन गर्न सक्नेछ ।



Scanned by CamScanner

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

## ६. विविध

६.१ निवेदन छनोट प्रक्रियामा र यस सम्बन्धमा उत्पन्न कुनै विषयको व्याख्या प्रचलित नेपाल कानून अनुसार हुनेछ । निवेदन पेश गर्ने देखि आयोजना सम्झौतामा हस्ताक्षर गर्ने चरणसम्ममा कुनै विवाद आईपरेमा त्यस्ता विवादको निरुपण सानिसा सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

६.२ ठगी तथा भ्रष्टाचारजन्य कार्यहरु

६.२.१ मनसायपत्रकर्ता, प्रस्तावकर्ता वा प्रवर्धक र निजका पदाधिकारी, कर्मचारी, प्रतिनिधि र सल्लाहकार ( यसपछि सहजताका लागि **दोश्रो पक्ष** भनिएको) ले बोलपत्र सम्बन्धी प्रक्रियादेखि आयोजना सम्झौताको अवधिभर यस खण्डमा उल्लिखित आचारसहिंताको उच्चतम परिपालना गर्नुपर्नेछ । यस बोलपत्र, प्रस्ताव आह्वानपत्र वा आयोजना सम्झौतामा जुनसुकै कुरा उल्लेख भए तापनि दोश्रो पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको पाइएमा नगरपालिकाले जुनसुकै बखत आवश्यकता अनुसार मनसायपत्र वा प्रस्तावपत्र अस्वीकार गर्ने, आयोजना विकास र संचालन गर्ने अनुमतिपत्र रद्द गर्ने वा आयोजना सम्झौताको अन्त्य गर्न सक्दछ । यसरी मनसायपत्र वा प्रस्तावपत्र अस्वीकार गर्दा, आयोजना विकास र संचालन गर्ने अनुमतिपत्र रद्द गर्दा वा आयोजना सम्झौताको अन्त्य गर्दा नगरपालिका विरुद्ध कुनै दायित्व सिर्जना हुने छैन । नगरपालिकालाई कुनै दोश्रो पक्ष प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टाचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको लागेमा त्यस्तो दोश्रो पक्षले पेश गरेको बोलपत्र सुरक्षण, प्रस्तावपत्र सुरक्षण वा कार्यसम्पादन सुरक्षण जफत गर्न सक्नेछ । यस व्यवस्था अनुसार त्यसरी सुरक्षण जफत गरेको कारणले नगरपालिकालाई प्रचलित कानुन, बोलपत्र सम्बन्धी कागजात, आयोजना सम्झौता अन्तरगतको अधिकार र उपचारको प्रयोगमा बन्देज लगाएको मानिने छैन ।

६.२.२ दोश्रो पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको पाईएमा निजलाई नगरपालिकाले जारी गरेको कुनै अन्य कुनै बोलपत्रमा सहभागी हुन कम्तीमा २ वर्षसम्मका लागि अयोग्य हुनेछ ।



Scanned by CamScanner

अनुसूचीहरु



Scanned by CamScanner

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं त

नालसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... प्रदेश

अनुसूची १

## निवेदन पेश गर्ने पत्रको ढाँचा

### आह्वनपत्रको शर्त २.१०.१ पूर्व योग्यता निवेदनसंग सम्बन्धित

*(निवेदकले स्पष्टरूपमा आफ्नो नाम र ठेगाना उल्लेख भएको लेटर प्याडमा योआह्वनपत्रको निवेदन तयार गर्नु पर्दछ।)*

मिति : ...

पुर्व योग्यता आह्वान नं...

श्री

....................

....................

आह्वानपत्रसंग सम्बन्धित सम्पूर्ण कागजातहरुको जाँच परीक्षण गरी माथि उल्लिखित आयोजनामा निवेदन पेश गर्दै हामी देहायको घोषणा गर्दछौ ।

१. नगरपालिकाले निवेदक छनौट गर्दा निवेदकहरुले पेश गरेको निवेदन र लिखत कागजातहरुको आधारमा गर्ने कुरालाई स्विकार गर्दै पेश गरिएका सम्पुर्ण दस्तावेज र जानकारीहरु साँचो भएको स्वीकार गर्दछौं । यसका साथै सम्पूर्ण दस्तावेजहरु सक्कल बमोजिमको नक्कल भएको कुरालाई समेत स्वीकार गर्दछौं ।

२. यहाँ उल्लेख गरिएका जानकारीहरु नगरपालिकाले **बजार तथा आवाशिय क्षेत्रको फोहरमैला व्यवस्थापन** आयोजना "**आयोजना**" कार्यान्वयन गर्नका लागि बोलपत्र छनौट गर्दा हामी छनौट हुने हेतुले पेश गरेको हो ।

३. नगरपालिकाले आवश्यकता अनुसार समय समयमा माग गरे बमोजिमको थप जानकारीहरु प्रदान गराउनेछौं ।

४. नगरपालिकाले कारण खुलाई वा नखुलाई कुनै पनि निवेदन अस्वीकार गर्ने अधिकार सुरक्षित रहेको स्वीकार गर्दछौं । हाम्रो प्रस्ताव त्यसरी अस्वीकार भएको अवस्थामा नगरपालिका विरुद्ध कुनै पनि किसिमको दावी गर्ने छैनौं ।

५. हाल सम्म हामी वा कुनै सदस्यहरू वा हाम्रो एसोसिएट्सहरूमध्ये कोही पनि कुनै पनि सम्झौता कार्यान्वयन गर्न असफल भएका छैनौं । हामीलाई कुनै पनि परियोजनाबाट कुनै पनि निकायले निष्कासन गरेको छैन र कुनै सम्झौताको अवज्ञा वा उल्लघंन गरेको कारणले कुनै सम्झौताको अन्त्य भएको अवस्था समेत छैन ।

६. हामीले प्रस्तावपत्र सम्वन्धी सम्पूर्ण कागजातहरुको परीक्षण गर्दा त्यसका शर्तमा हामीले कुनै पनि थप शर्त वा प्रतिशर्त पेश गरेका छैनौं ।

७. यो प्रस्ताव आव्हान प्रक्रियामा सहभागी हुन हामी प्रचलित कानुन बमोजिम कुनै पनि तवरले अयोग्य छैनौं । यस प्रक्रियामा हाम्रो कुनै स्वार्थ बाझिएको पनि छैन र पेशागत वा व्यवसायिक कसूरमा हामीले कुनै सजाय पाएका पनि छैनौं । यसका साथै, हामी माथि कुनै पनि कानूनी अनुसन्धान चलिरहेको अवस्था समेत छैन ।



Scanned by CamScanner

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं प्रदेश, नेपाल

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

८. हामीले पेश गरेको निवेदन सम्वन्धी कागजात प्रस्ताव पेश गर्ने अन्तिम मितिदेखि ९० दिनको लागि मान्य हुनेछ। यो अवधिसम्म हाम्रो यो प्रस्ताव हामीलाई वन्धनकारी हुनेछ र उक्त अवधि समाप्त हुनु अघि जुनसुकै बखत पनि हाम्रो निवेदनलाई स्वीकृत गर्न सकिनेछ।

९. हाम्रो निवेदन स्वीकृत भएको अवस्थामा करार वमोजिमको कार्य-सम्पादन गर्न करार-मूल्यको ५ प्रतिशत कार्यसम्पादन जमानत पेश गर्न हामी आफ्नो प्रतिवद्धता जाहेर गर्दछौं।

१०. यस प्रक्रियामा, निवेदकको रुपमा एकभन्दा वढी निवेदन पेश गरेका छैनौं।

११. हाम्रो कम्पनी वा फर्म र यसको सव-कन्ट्राक्टर वा आपूर्तिकर्ता लगायत यसका सम्वद्ध वा सहायक कम्पनी वा फर्महरु, करार अन्तर्गतको कुनै पनि अंशको लागि (काम गर्न), नेपाल सरकारवाट अयोग्य घोषित भएका छैनन्।

१२. निवेदन अनुरुपको सम्पुर्ण दायित्व वहन गरी त्यसको परिपालना गर्ने प्रतिवद्वता जाहेर गदर्छौं।

१३. हाम्रो लेखा, अभिलेख, तथा प्रस्तावपत्र साथमा पेश गरिएका अन्य कागजातहरु नगरापलिका/दातृ पक्ष वा उसको प्रतिनिधिलाई निरीक्षण गर्न दिन, र नगरपालिका/दातृपक्षद्वारा नियुक्त लेखापरीक्षकवाट लेखापरीक्षण गराउन मञ्जुर छौं।

नामः

पदः

सम्पर्क नं.

ईमेलः

हस्ताक्षरः

छापः

निवेदनमा ..............................................को तर्फवाट हस्ताक्षर गर्न अधिकार प्राप्त

मिति :



Scanned by CamScanner

दुर्गा बहादुर थापा
अधिकृत स्तर सातौं तह

अनुसूची २
आह्वानपत्रको शर्त २.२.२ संग सम्बन्धित

## निवेदनमा हस्ताक्षर गर्नका लागी अधिकार प्रत्यायोजन पत्र

यस अख्तियारनामाको लिखत मार्फत् निम्न लिखित सहिछाप भएको, .............. मा रजिष्टर्ड कार्यालय रहेको (यसपछि सुविधाका लागि संक्षेपमा **"कम्पनी"** भनिएको)ले ....................मा वस्ने ............................... को छोरा/छोरी वर्ष ....... को ..................... लाई कम्पनीका तर्फबाट आधिकारिक व्यक्तिको रुपमा देहाय बमोजिमको अधिकार प्रदान गरेको छ:

१. ...................आयोजना **"आयोजना"** बोलपत्रको विभिन्न चरणमा भाग लिई प्रस्तावपत्र र आवश्यक अन्य निवेदन समेत तानसेन नगरपालिका **"नगरपालिका"** वा तोकिएको अन्य निकायमा पेश गर्ने ।

२. समय समयमा महानगरपालिकाले माग गरेका जानकारी तथा आवश्यकता अनुसार कागजातहरु पेश गर्नका लागि कम्पनीको प्रतिनिधित्व गर्ने ।

३. आयोजनामा प्रस्तावकर्ताको छनौट प्रक्रिया सुरु भई उक्त प्रक्रिया समाप्त नहुन्जेल सम्मका लागि आवश्यक सम्पूर्ण काम कारवाहीमा कम्पनीको प्रतिनिधित्व गर्दै प्रारम्भिक सम्झौता, समदारीपत्र वा आयोजना सम्झौतामा समेत हस्ताक्षर गर्ने ।

यस अख्तियारनामा बमोजिम अख्तियारप्राप्त व्यक्तिले गरेको काम कारवाही कम्पनीका लागि पूर्ण रुपमा मान्य हुनेछ र निजको काम कारवाहीबाट कुनै दायित्व सिर्जना भएमा सो पालना गर्न समेत यस कम्पनीको पूर्ण मञ्जुरी रहेको छ ।

कम्पनीले अगावै लिखित रुपमा सूचित गराएको अवस्थामा वाहेक यस अख्यिारनामा ..............सम्म बहाल रहनेछ ।

उल्लिखित साक्षीको रोहवरमा ..................... का दिन मैले यस अख्तियारनामामा सहिछाप गरी कम्पनीको छाप लगाएको छु ।

**कम्पनीको तर्फबाट:**

*नाम:*

*हस्ताक्षर*

*पद:*

*साक्षी:*

*१.*

*२.*

म कानून बमोजिम नेपाल भित्रको लागि अधिकार प्राप्त नोटरी पब्लिक यो प्रमाणित गर्दछु कि यस लिखतमा उल्लिखित सहीहरु मेरो उपस्थितिमा गरिएको हो भनी प्रमाणित गर्दछु:

मिति ............................ मा मेरो निम्न लिखत सही र कार्यालयको छाप दिइएको छ ।

.................................
सही
नोटरी पब्लिक



Scanned by CamScanner

अनुसूची ३

आह्वानपत्रको दफा २.१०.२ संग सम्बन्धित

**संयुक्त उपक्रमको मुख्य सदस्यका लागि दिईने अधिकार प्रत्योजनपत्र**

तासेन नगरपालिका (यसपछि सुविधाको लागी संक्षेपमा **"नगरपालिका"** भनिएको) बाट .....................................................आयोजना (यसपछि सुविधाको लागी छोटकरीमा **"आयोजना"** भनिएको) कार्यान्वयन गर्नका लागि नगरपालिकाले निवेदकलाई छनौट गरि आमन्त्रण गरेको अवस्थामा प्रस्तावपत्र लगायत अन्य विभिन्न कागजातको अधिनमा रहि मनसायपत्र आह्वान गरेकोमा उक्त आयोजनामा निवेदन पेश गर्न हामी संयुक्त उपक्रम इच्छुक भएको तथा आयोजना कार्यान्वयनका निम्ति संयुक्त उपक्रमका मुख्य सदस्य (Lead Member) तोक्न पर्ने आवश्यकतालाई मध्यनजर गर्दै संयुक्त उपक्रमका मुख्य सदस्यको रुपमा .........................मा रजिष्टर्ड कार्यालय रहेको .............................................................. लाई कानूनी रुपमा संयुक्त उपक्रमका मुख्य सदस्य तोकिएको व्यहोरा अनुरोध गर्दछौं । संयुक्त उपक्रमका तर्फबाट मुख्य सदस्यको रुपमा निजलाई देहाय बमोजिमको अधिकार प्रदान गरिएको छ:

१. **बजार तथा आवाशिय क्षेत्रको फोहरमैला व्यवस्थापन "आयोजना"** बोलपत्रको विभिन्न चरणमा भाग लिई प्रस्तावपत्र र आवश्यक अन्य निवेदन समेत तानसेन नगरपालिका **"नगरपालिका"** वा तोकिएको अन्य निकायमा पेश गर्ने ।

२. समय समयमा नगरपालिकाले माग गरेका जानकारी तथा आवश्यकता अनुसार कागजातहरु पेश गर्नका लागि कम्पनीको प्रतिनिधित्व गर्ने ।

३. आयोजनामा प्रस्तावकर्ताको छनौट प्रक्रिया सुरु भई उक्त प्रक्रिया समाप्त नहुन्जेल सम्मका लागि आवश्यक सम्पूर्ण काम कारवाहीमा कम्पनीको प्रतिनिधित्व गर्दै प्रारम्भिक सम्झौता, समदारीपत्र वा आयोजना सम्झौतामा समेत हस्ताक्षर गर्ने ।

यस अख्तियारनामा बमोजिम मुख्य सदस्यले गरेको काम कारवाही संयुक्त उपक्रमका लागि पूर्ण रुपमा मान्य हुनेछ र निजको काम कारवाहीबाट कुनै दायित्व सिर्जना भएमा सो पालना गर्न समेत यस संयुक्त उपक्रमको पूर्ण मञ्जुरी रहेको छ ।

संयुक्त उपक्रमले अगावै लिखित रुपमा सूचित गराएको अवस्थामा बाहेक यस अख्यिारनामा ...............सम्म बहाल रहनेछ ।

उल्लिखित साक्षीको रोहवरमा .................................. का दिन संयुक्त उपक्रमका सम्पूर्ण सदस्यले यस अख्तियारनामामा सहिछाप गरेका छौं:

संयुक्त उपक्रमको तर्फबाट:

नाम:

*हस्ताक्षर*

*पद:*

साक्षी:

१.

२.

म कानून बमोजिम नेपाल भित्रको लागि अधिकार प्राप्त नोटरी पब्लिक यो प्रमाणित गर्दछु कि यस लिखतमा उल्लिखित सहीहरु मेरो उपस्थितिमा गरिएको हो भनी प्रमाणित गर्दछु:

मिति ............................ मा मेरो निम्न लिखत सही र कार्यालयको छाप दिइएको छ ।



Scanned by CamScanner

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा ५ नं प्रदेश, नेपाल

दुर्गा बहादुर थापा अधिकृत स्तर सातौं

## अनुसूची ४

मितिः...............

श्रीमान् अध्यक्ष ज्यू,
सार्वजनिक निजी साझेदारी इकाई
तानसेन नगरपालिका
पाल्पा, नेपाल ।

**विषय : मनसायपत्र पेश गरेको सम्बन्धमा।**

महोदय,

म/हामी निवेदक तहाँ सार्वजनिक–निजी साझेदारी इकाई (सानिसा इकाई) बाट मिति.................... को ................................*(सूचना प्रकाशन गरेको पत्रिकाको नाम उल्लेख गर्ने)* मा प्रकाशित मनसायपत्र आह्वानको सूचना बमोजिम .............................. *(आयोजनाको नाम उल्लेख गर्ने)* आयोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्न इच्छुक तथा योग्य भएकोले सार्वजनिक–निजी साझेदारी सम्बन्धी नियमावली, २०७५ को नियम ७ को उपनियम (१) बमोजिमको म्याद भित्रै तपसीलमा उल्लेखित कागजातहरु संलग्न गरी प्रस्तुत मनसायपत्र पेश गरेकोछु/छौं । दस्तुर रु. ५०००/- (रु. पाँचहजार रुपैंया) भुक्तानी गरेको भरपाई यसै साथ संलग्न छ ।

**संलग्न कागजातहरुः**

(क) मनसायपत्र पेश गर्ने संस्था भएमा :
 १. संस्था दर्ता प्रमाणपत्र,
 २. कर चुक्ता प्रमाणपत्र (हालको आर्थिक वर्षको),
 ३. स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र ।

(ख) मनसायपत्र पेश गर्ने व्यक्ति भएमा :
 १. नागरिकता प्रमाणपत्र वा राहदानीको प्रतिलिपी

(ग) मनसायपत्र पेश गर्ने व्यक्ति/संस्थाको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता र अनुभव पुष्टि गर्ने कागजात ।

घ) आयोजना कार्यान्वयन सम्बन्धी व्यवसायिक योजना ।

ङ) सानिसा इकाईले तोकेको अन्य आवश्यक विवरण ।[2]

यस मनसायपत्रमा उल्लेखित विवरण तथा संलग्न कागजातहरु सत्य हुन् । झुटा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकः
हस्ताक्षरः
नामः
पदः
ठेगानाः
निवेदक संस्था भए संस्थाको छापः

---

[2] इकाईले आवश्यकताअनसार माग गरेको विवरण उल्लेख गर्ने ।



Scanned by CamScanner